नेपाल सरकार
शिक्षा मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धिपरियोजना,बुद्धनगर, काठमाडौको

# छपाई सामग्री आपूर्ति सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मिति :- २०७४।१०।१५**

यस परियोजनामा चालु आ.व. ०७४।७५ को लागि आवश्यक छपाई सामग्री सिलबन्दी दरभाउपत्रको प्रक्रियाबाट आपुर्ति गर्नुपर्ने भएकोले इच्छुकआपुर्तिकर्ताबाट निम्नानुसार शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१. दरभाउपत्र फाराम रु. १,०००।- (फिर्ता नहुने) तिरी यस परियोजनाको खरिद इकाईबाट खरिद गर्न सकिनेछ ।

२. इच्छुकआपुर्तिकर्ताले दरभाउपत्र फारामसाथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यबसाय दर्ता प्रमाणपत्र, छापाखाना सञ्चालन सम्बन्धी जिल्ला प्रशासन कार्यालयबाट जारी भएको अनुमतिपत्र, मुअ कर सहितको स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व. ०७३।७४ को करचुक्ता प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणितप्रतिलिपिपेश गर्नु पर्नेछ ।

३. यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले १५ दिन भित्र दरभाउपत्र फाराम खरिद गरी १६ औं दिन १२.०० बजे भित्र यस परियोजनको खरिद इकाईमा दर्ता गरीसक्नुपर्नेछ ।

४. दरभाउपत्रको जमानत बापत रु३५,०००।०० कानुनी मान्यता प्राप्त बैंकबाट निर्दिष्ट ढांचामा जारी गरिएको कम्तीमा ७५ दिन म्याद भएको विडवण्ड वा तोकिए बमोजिमको बैंक खातामा जम्मा गरिएको सक्कल भैाचर सिलबन्दी दरभाउपत्रसाथ संलग्न राखी पेश गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिmएको र पेशा सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको कागजात सिलवन्दी दरभाउपत्रसाथ संलग्न गर्नु पर्नेछ ।

६. म्यादभित्र दर्ता हुन आएका दरभाउपत्रहरु १६औं दिन १४.०० बजे परियोजनाको कार्यालय बुध्दनगरमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम दिन विदा परेमा सो पछि क्रमशः कार्यालय खुलेको दिनलाई मानिनेछ ।

७. रीत नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भई अंक/अक्षर स्पष्ट नभएको तथा सिलवन्दी दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. दर्ता हुन आएका कुनै पनि दरभाउपत्रहरु स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस परियोजनामा सुरक्षित रहनेछ ।

९. यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

१०. यो सूचना परियोजनाको सूचना पाटी तथा वेबसाईटमा पनि हेर्न सकिने छ ।विस्तृत जानकारी लिन चाहेमा यस परियोजनाको खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।